नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मंत्रालय
**राष्टिय कृषि आधुनिकीकरण कार्यक्रम**
**कार्यक्रम कार्यान्वयन एकाइ, गोरखा**

कृषि मूलश्च: जीवनम् ।

Email:pmamp.piu.gorkha@gmail.com
Website:piugorkha.pmamp.gov.np
☏ ०६४४२०३१६, ९८५६०१०९१०

दोस्रो पटक प्रकाशित मितिः२०८२/०५/१८

# सुचिकृत साथै कार्यक्रमहरुको आवेदन पेश गर्ने म्याद थप सम्बन्धी सूचना

आर्थिक वर्ष २०८२/८३ मा यस कार्यक्रम कार्यान्वयन एकाइ, गोरखा अन्तर्गत गोरखा र तनहुँ जिल्लाका जोनहरुमा निम्नानुसारका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले कार्यान्वयन एकाइमा सूचिकृत भएका इच्छुक कृषि फर्म/ समूह/ सहकारी/जल उपभोक्ता समितिहरुले आवश्यक कागजात सहित मिति २०८२ साउन १३ गते देखी २०८२ भदौ १७ गते सम्म आवेदन पेश गर्ने भनेर मिति २०८२/०५/१२ मा प्रथम पटक सूचना प्रकाशन भएकोमा कृषकहरुको माग एवं आवश्यकतालाई मध्यनजर गर्दै मिति २०८२/०६/३१ गते सम्म म्याद थप गरिएकोले यस कार्यक्रम कार्यान्वयन एकाइ, गोरखा र जोन प्राविधिक एकाइ तनहुँमा तोकिएको ढाँचा अनुसार रु.१० को टिकट टाँस गरी निवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ। साथै यस कार्यान्वयन एकाइमा हाल सम्म सुचिकृत नभएका कृषि फर्म / समूह/ सहकारी/जल उपभोक्ता समितिहरुले तोकिएको समय भित्र सुचिकृत भई कार्यक्रमको आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ ।

| जोन | जोन कार्यक्षेत्र |
|---|---|
| सुन्तलाजात फलफूल जोन गोरखा | गोरखा न.पा., गण्डकी गा.पा., शहिदलखन गा.पा., भिमसेन थापा गा.पा., पालुङटार न.पा. वडा नं ९ र १०, सिरानचाक गा.पा.२,४,५ |
| धान जोन गोरखा | शहिदलखन गा.पा. वडा नं १, ३ , गोरखा न.पा. वडा न. ३,५,१०,११,१२,१३,१४, पालुङटार न.पा. वडा नं १,९ सरानचोक गा.पा. वडा नं २,४,५,६,७,८ |
| आलु जोन गोरखा | धार्चे गा.पा. वडा नं ३,४,५ र ७ ,बारपाक सुलिकोट गा.पा. वडा नं १,२,३,४ र ७ भिमसेनथापा गा.पा. वडा नं. १,२,३,४,७ र ८, सिरानचोक गा.पा. वडा नं २ र ३ अजिरकोट गा.पा. वडा नं २ |
| तरकारी जोन तनहुँ | व्यास न.पा., भानु न.पा., वन्दिपुर गा.पा., आँबुखैरेनी गा.पा. |
| धान जोन तनहुँ | भानु न.पा., ब्यास न.पा. वडा नं. ८, ९ र ११ र बन्दिपुर गा.पा.वडा नं १ |

कार्यक्रमहरुः- बजेट रु लाखमा

| क्र:सं | कार्यक्रम/ क्रियाकलापहरु | लक्ष्य | बजेट | कार्यक्रम लागु हुने जोन |
|---|---|---|---|---|
| १. | सिचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार | ७५ संख्या | ११२:५ | धान/सुन्तलाजात फलफूल/आलु/तरकारी जोन |
| २. | चैते धान प्रवद्धर्न (सिंचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार) | १० संख्या | २५ | धान जोन अन्तर्गत गोरखा/ तनहुँ चैते धान खेती हुने क्षेत्र |
| ३. | फलफूलका निजि नर्सरी सुदृढिकरण (नर्सरी पूर्वाधार विकास, बड उड प्रमाणीकरणका लागि जालिघर निर्माण सहयोग) | ३ संख्या | ४:०५ | सुन्तलाजात फलफूल जोन |
| ४. | चक्लाबन्दीमा पकट÷ब्लक,जान संचालनको लागि लागि सहकारी र निजी क्षेत्रबाट माग संकलन, संभाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग | ३ संख्या | ३० | गोरखा र तनहुँ जिल्ला |
| ५. | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान | १ संख्या | ५ | गोरखा र तनहुँ जिल्ला |

Email:pmamp.piu.gorkha@gmail.com
Website:piugorkha.pmamp.gov.np
☏ ०६४४२०३१६, ९८५६०१०९१०

| | | | | |
|---|---|---|---|---|
| ६. | जोन क्षेत्रमा कृषि यान्त्रीकरणमा सहयोग | ५ संख्या | ५६ | धान/सुन्तलाजात फलफूल/आलु/तरकारी जोन |
| ७. | बगैंचा सुदृढिकरण कार्यक्रम | ६० हे | २१:६ | सुन्तलाजात फलफूल जोन |
| ८. | ५०% अनुदानमा एद्यक्÷उन्नत आलु बिउ वितरण | २० मेःटन | ८:६४ | आलु जोन |
| ९. | सुन्तलाजात फलफुलको नमुना बगँचा स्थापना | १२ संख्या | ३० | सुन्तलाजात फलफूल जोन |
| १०. | व्यवसायिक प्याज प्रवद्र्धन कार्यक्रम | २ पटक | ७:२ | तरकारी जोन |
| ११. | चैते धान प्रवद्र्धन कार्यक्रम चैते धान क्षेत्रफल विस्तार | १५० हे] | २७ | धान जोन गोरखा र तनहुँ |
| १२. | उन्नत प्रविधि सहित क्षेत्रफल विस्तार सुन्तला, कागती, निबुवा, जुनार आदी | ४० हे | २८:८ | सुन्तलाजात फलफुल जोन |
| १३. | उन्नत प्रविधि सहित आलुको क्षेत्रफल विस्तार | २० हेः | १८ | आलु जोन |
| १४. | उन्नत प्रविधि सहित तरकारी क्षेत्रफल विस्तार कार्यक्रम | २५ हे] | ९ | तरकारी जोन |
| १५. | जोन अन्तर्गत रैथाने बालीको बजारीकरण सहयोग कार्यक्रम | १ पटक | १ | गोरखा र तनहुँ |
| १६. | कस्टम हायरिङ सेन्टर स्थापना | १ पटक | २३ | धान जोन गोरखा र तनहुँ |

निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु:

१. उद्यमी कृषक÷कृषि फर्मको हकमा उद्यम दर्ताको प्रमाण-पत्र, पान नं र नागरिकताको प्रतिलिपि ।

२. खेती गरिने जमिनको लालपुर्जाको प्रतिलिपि (जग्गा भाडामा लिएको भए जग्गा धनीसँग कम्तिमा ५ बर्षको लागि सम्झौता भएको प्रमाणको प्रतिलिपि) ।

३. कृषि सहकारी÷कृषक समुहको हकमा दर्ता प्रमाण-पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर दर्ता प्रमाण-पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।

४. कृषक समूह, सहकारी वा उद्यमी भए कार्यक्रम माग सम्बन्धी सो संस्थाले गरेको निणर्यको प्रतिलिपि ।

५. माग गरिने कार्यक्रमको उपयुक्तता खुलेको सम्बन्धित कृषि शाखाको सिफारिस र वडा कार्यालयको सिफारिस ।

६. निवेदन फारम र त्यसको साथै बुझाउने कृषि फर्म÷समूह÷सहकारी ÷जल उपभोक्ता समितिको विवरण सम्बन्धी फाराम परियोजना कार्यान्वयन एकाइ तथा इमेल बाट प्राप्त गर्न सकिनेछ र फाराममा उल्लेख भएका सम्पूर्ण विवरणहरु भरी पेश गर्नु पर्नेछ ।

सुचिकृत हुन पेश गर्नुपर्ने कागजातहरु:

१. नेपाली नागरिकताको प्रतिलिपि ।

२. कृषि फर्मको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

३.खेती गरीने जग्गाको लालपुर्जाको प्रतिलिपी (जग्गा भाडामा लिएको भए जग्गा धनीसँग कम्तीमा १० बर्षको लागि सम्झौता भएको प्रमाणको प्रतिलिपि) ।

थप जानकारीको लागि:

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, गोरखा, को सूचनापाटी
कार्यक्रम प्राविधिक एकाइ, बरादी, तनहुँ,

गोरखाको लागी सम्पर्क: ना.प्रा.स चाँदनी कुँवर ९८४८२५१६०८, ना.प्रा.स सन्देश कुमार बुढा ९८४१७८९००६, महेश राज जोशी ९८४५००५९८२
तनहुँ वरादीको लागी सम्पर्क: ना.प्रा.स जुना चेपाङ ९८५६०१०९४०, ना.प्रा.स सुनिल कुमार थापा ९८४८६२८०२५ व्यास न.पा.को लागी ना.प्रा.स अस्मिता वाग्ले ९८४६१३०९४५

इमेलः pmamp.piu.gorkha@gmail.com वेबसाइटः piugorkha.pmamp.gov.np

फेसबुकः piugorkha

निवेदनको ढाँचा कार्यालय र कार्यालयको वेबसाइट साथै स्थानिय तहहरुबाट प्राप्त गर्न सकिनेछ।

पूर्ण ढुंगाना
वरिष्ठ कृषि अधिकृत